आज मिति २०८२ मंसिर ०८ गते सोमबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त वहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल — शाखा अधिकृत

श्री पुष्पकमल ओली — नि. लेखा अधिकृत

मिति २०८२/०८/०८ गतेको कार्यपालिकाको १६९ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आगामि आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा । | आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गरिने आयोजनाहरुको प्रस्ताव तयार गरी मंसिर २० गते सम्ममा पालिकामा पेश गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| २ | अटो तथा इ रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि सम्बन्धमा। | त्रिवेणी गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका अटो तथा इ रिक्सालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि अटो तथा इ रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि सम्वन्धमा छलफल गर्ने । | |
| ३ | राधेश्याम मा वि का कार्यालय सहयोगी शोभे पुनको ६० वर्षे उमेर हदका कारण अवकास हुने भएको हुँदा निजलाई अवकास गरी नयाँ कार्यालय सहयोगीको विज्ञापन गर्ने सम्वन्धमा । | राधेश्याम मा वि का कार्यालय सहयोगी शोभे पुनको ६० वर्षे उमेर हदका कारण अवकास हुने भएको हुँदा निजलाई अवकास गरी नयाँ कार्यालय सहयोगीको विज्ञापन गर्ने सम्वन्धमा । | |
| ४ | कार्यालय सहयोगी तथा नगरप्रहरीको विज्ञापन प्रकाशन गर्ने सम्वन्धमा । | यस कार्यालयको लागि आवश्यक रिक्त एक जना कार्यालय सहयोगी तथा नगरप्रहरी नियुक्ति गर्नको लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो । | |
| ५ | त्रिवेणी गाउँपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५ संशोधन सम्वन्धमा । | त्रिवेणी गाउँपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५ संशोधन सम्वन्धमा । | |
| ६ | आर्थिक सहयोग सम्वन्धमा । | तपशिलमा उल्लेखित नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।<br>१.वडा नं. २ राजागिठी स्थायी ठेगाना भई हाल वडा नं. १ रिखेबजारमा बस्ने धनिराम रामजाको प्याङक्रियाज सम्बन्धी रोगका कारण निधन भएको र निजको आर्थिक अवस्था न्यून भएको हुँदा क्रिया खर्च बापत रु दश हजार प्रदान गर्ने ।<br>२. वडा नं. ६ हर्चनकाडा स्थायी घर भएका लिलाधर बोहराको छोरा धर्मराज बोहराको आर्थिक अवस्था अत्यन्त कमजोर भएको र निजलाई क्यान्सर रोगले ग्रसित पारेको हुँदा उपचार खर्च वापत रु.१० हजार उपलब्ध गराउने सम्बन्धमा छलफल गर्ने । | |

प्रमाणित

CamScanner

निर्णयहरु

**निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा,** कर्णाली प्रदेश योजना आयोगबाट आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गरिने आयोजनाहरुको प्रस्ताव मंसिर मसान्त सम्म सम्बन्धित जिल्ला स्थित प्रादेशिक कार्यालयमा पेश गर्ने सम्बन्धी पत्रानुसार त्रिवेणी गाउँपालिकाका ६ वटै वडाहरुबाट आयोजना छनोट तथा प्राथमिकिकरण गरी मंसिर २० गते सम्ममा पालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिकामा अनुमति नलिइ सञ्चालनमा रहेका अटो तथा इ-रिक्सालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि अटो तथा इ-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि सम्बन्धमा विस्तृत रुपमा छलफल गरी स्वीकृत गरियो।

**निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा,** राधेश्याम माध्यामिक विद्यालयका कार्यालय सहयोगी शोभे पुनको ६० वर्षे उमेर हदका कारण अवकास हुने भएको हुँदा निजलाई अवकास गरी नयाँ कार्यालय सहयोगीको विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी विविध विषयमा छलफल गर्दा,** त्रिवेणी स्वास्थ्य चौकिमा कार्यरत स्टाफ नर्स धर्म खडकाले घरायसी काम भनि विवाहको लागि निवेदन पेश गरेको हुँदा निजको विवाह सम्पन्न भए पश्चात तुरुन्त हाजिरी हुनको लागि पत्राचार गर्ने साथै उषा शाहले डेलिभरी विदाको लागि निवेदन पेश गरेकोमा निज डेलिभरी भए पश्चात १ महिना भित्रमा कार्यालयमा उपस्थित हुनको लागि जानकारी गराउने ।करार कर्मचारी शारदा कुमारी श्रेष्ठलाई यथासिघ्र कार्यालयम उपस्थित हुनको जानकारी गराउने ।

**निर्णय नं. ५, प्रस्ताव नं. ५ माथी विविध विषयमा छलफल गर्दा,** त्रिवेणी गाउँपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५ संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६, प्रस्ताव नं. ६ माथी विविध विषयमा छलफल गर्दा,** तपशिलमा उल्लेखित नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

१.वडा नं. २ राजागिठी स्थायी ठेगाना भई हाल वडा नं. १ रिखेबजारमा बस्ने धनिराम रामजाको प्याङक्रियाज सम्बन्धी रोगका कारण निधन भएको र निजको आर्थिक अवस्था न्यून भएको हुँदा क्रिया खर्च बापत रु दश हजार प्रदान गर्ने ।

२. वडा नं. ६ हर्चनकाडा स्थायी घर भएका लिलाधर बोहराको छोरा धर्मराज बोहराको आर्थिक अवस्था अत्यन्त कमजोर भएको र निजलाई क्यान्सर रोगले ग्रसित पारेको हुँदा उपचार खर्च बापत रु.१० हजार उपलब्ध गराउने सम्बन्धमा छलफल गर्ने ।

प्रमाणित

२०८२।०८।०८

CS CamScanner

आज मिति २०८२ मंसिर २४ गते बुधबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामि | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल — शाखा अधिकृत

श्री पुष्पकमल ओली — लेखा अधिकृत

CamScanner

मिति २०८२/०८/२४ गतेको कार्यपालिकाको १७० औं बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | कर्णाली प्रदेश सरकारको आयोजना प्रस्ताव तथा छनौट तथा प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ बमोजिम जिल्ला स्थित कार्यालयमा आयोजना प्रस्ताव पेश गर्नको लागि आयोजना छनोट तथा सिफारिस गर्ने सम्वन्धमा । | कर्णाली प्रदेश सरकारको आयोजना प्रस्ताव तथा छनौट तथा प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ बमोजिम जिल्ला स्थित कार्यालयमा आयोजना प्रस्ताव पेश गर्नको लागि आयोजना छनोट तथा सिफारिस गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| २ | हिउदे गाउँसभाको मिति तय गर्ने सम्वन्धमा । | त्रिवेणी गाउँपालिकाको १८ औं गाउँसभाको मिति निर्धारण गर्नको लागि छलफल गर्ने । | |
| ३ | सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.ब. को पहिलो चौमासिकमा भए गरेका काम कारवाहीका सम्बन्धमा जानकारी प्रदान गर्न तथा सल्लाह सुझाव प्राप्त गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक सूनुवाईको मिति निर्धारण गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ४ | आयोजना संशोधन गर्नुपर्ने भएमा वडा तथा शाखाले यथाशिघ्र पेश गर्ने सम्वन्धमा । | चालु आ व को १७ औं गाउँसभाबाट विनियोजन भएका कुनै आयोजना कार्यान्वयनमा समस्या भएमा संशोधन गर्न आवश्यक भएमा वडा कार्यालय तथा शाखाले हिउदे गाउँसभामा पेश गर्ने । | |
| ५ | त्रिवेणी गाउँपालिका वडा नं. ३ को कार्यालय निर्माणका लागि जग्गा दानको सूचना बमोजिम दान भएका जग्गालाई कार्यालयको नाममा लिखत पारित गराउन सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी पहिलो संशोधन कार्यनीति, २०८२ को दफा ५ को उपदफा २ बमोजिमको समितिमा पेश गर्ने सम्वन्धमा । | त्रिवेणी गाउँपालिका वडा नं. ३ को कार्यालय निर्माणका लागि जग्गा दानको सूचना बमोजिम दान भएका जग्गालाई त्रिवेणी गाउँपालिका वडा नं. ३ को कार्यालयको नाममा लिखत पारित गराउन सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी पहिलो संशोधन कार्यनीति, २०८२ को दफा ५ को उपदफा २ बमोजिमको समितिमा पेश गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ६ | आयोजनाहरु यथाशिघ्र सम्झौता गर्ने सम्वन्धमा छलफल गर्ने । | त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरु कार्यान्वयनलाई प्रभावकारी बनाउनको लागि गठन भएका समितिहरुलाई समयमा नै सम्झौता गरी आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ७ | कानुन तर्जुमाका लागि विधेयकको मस्यौदा स्वीकृति गर्ने सम्वन्धमा । | तपसिल बमोजिमका ऐन निर्माण गर्नको लागि कार्यपालिका सदस्य एवं विधेयक समिति संयोजक श्री | |

प्रमाणित
२०८२/०८/२४

CS CamScanner

| | | | |
|---|---|---|---|
| | | दल बहादुर बस्नेतबाट पेश भएको विधेयकको मस्यौदा स्वीकृति गरि सभामा पेश गर्नको लागि अनुमति दिने सम्बन्धमा ।<br>तपसिल<br>१.आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी विधेयक २०८२ सम्बन्धमा ।<br>२.फोहोरमैला व्यवस्थापन सम्बन्धी विधेयक २०८२ सम्बन्धमा ।<br>३.कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०८२ सम्बन्धमा । | |

**निर्णयहरु**

**निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा,** कर्णाली प्रदेश सरकारको आयोजना प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ बमोजिम जिल्ला स्थित कार्यालयमा आयोजना प्रस्ताव पेश गर्नको लागि तपशिल बमोजिमका आयोजना छनोट तथा सिफारिस गर्ने निर्णय गरियो ।

**सामाजिक विकास कार्यालय अन्तर्गतका आयोजनाहरु**

**वडा नं.१**

१.श्री सरस्वती आ.वि.ठुलाचौर ४ कोठे भवन निर्माण आयोजना - रु.५०लाख ।

**वडा नं.२**

१.कारागिठी स्वास्थ्य चौकी भवन तला थप निर्माण आयोजना- रु.५०लाख।

२.राधेश्याम मा.वि.नयाँ भवन निर्माण आयोजना-रु.१ करोड।

३.शिद्बगुफा मन्दीर निर्माण आयोजना- रु.२०लाख।-

**वडा नं.३**

१.टोट्के मा.वि.मा ४ कोठे भवन निर्माण आयोजना-रु.७५लाख।

**वडा नं.४**

१.थर्कोटमन्दीर, रतननाथ निर्माण तथा पर्यटन प्रवर्धन- रु.४ करोड।-

**वडा नं.५**

१.वडा स्तरिय खेल मैदान-रु.५०लाख।

२.सरस्वती मा.वि. सिम्क र सरस्वती आ.बि. राताचौरमा कम्प्यूटर प्रयोगशाला-रु.५०लाख।

३.गैरासल्ले शिब प्रावती मन्दीर तथा धर्मशाला निर्माण-रु.३०लाख।

४.गायत्री प्रा.वि ४ कोठे भवन निर्माण.-रु ६०लाख।

प्रमाणित
२०८२।०८।२४

CS CamScanner

**वडा नं.६**

१.चण्डेश्वरी ब.वि.को ४ कोठे भवन निर्माण-रु.८०लाख।

२.पाँच शैयाको त्रिवेणी सामुदायिक अस्पताल निर्माण-रु.५करोड।

३.त्रिवेणी रङ्गशाला निर्माण-रु. ५ करोड।

४.पशुपति आ.वि ४ कोठे भवन निर्माण-रु.८०लाख।

**गाउँपालिका स्तरीय**

१.विपन्न नागरिक उथान कार्यक्रम-रु५०लाख।

२.विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद – रु.५०लाख।

## पूर्वाधार विकास कार्यालय अन्तर्गतका आयोजनाहरु

**वडा नं.१**

१.रिखेवजार घोडामारे गोगने गैरीकटेरी दाङ जोड्ने मोटरबाटो स्तोरनती आयोजना– रु.२करोड।

२.रामवजार चिमिरे अखेला मोटरबाटो स्तोरनती आयोजना-रु.१करोड।

३.सुवाखोला तिनतले झोलुङ्गेपुल निर्माण आयोजना-रु.१करोड।

४.पानीघाट शालिबाङ चिमिरे अखेला मोटरबाटो स्तोरनती आयोजना-रु.१करोड।

५.कोलचौर खोला झोलुङ्गेपुल निर्माण आयोजना -रु.१ करोड।

६.रिखेखोला पानीघाट झोलुङ्गेपुल निर्माण आयोजना-रु २ करोड।

**वडा नं.२**

१.शंखपिपल, गैरागिठी, कारागिठी, तुसारे हुदै खैराबाङ मोटर बाटो निर्माण आयोजना- रु.३ करोड।

२.रिखे राजागिठी झालेढुङ्गा खैराबाङ मोटर बाटो निर्माण आयोजना-रु.३करोड।

३.चोरखोला रकालटोल फलाटे जोड्ने मोटरबाटो-रु२५लाख।

४.रामवजार शंखपिपल तिसे चोरखोखा अरिङगाले पेदि खैरावाङ्ग सडक स्तरनोती-रु.३करोड।

५.तिस्से फुच्चे पोखरी धौले खोला मो.बा.निमार्ण आयोजना-रु.५०लाख।

**वडा नं.३**

१.ढुङ्गीबजार पिमखोला मखनटाकुरी मो.बा. स्तरनोती- रु २ करोड २५ लाख ।

**वडा नं.४**

१.वडाकार्यालय भवन निर्माण आयोजना-रु.१ करोड ५० लाख।

२.लुहाम, फलाबाङ, मखनटाकुरी हुदै दाङ जोड्ने मोटर बाटो स्तरनोती- २ करोड।

३.कोपपिपल लुहामखोला मोटर लेवल पुल निर्माण- रु ५करोड।

प्रमाणित

CamScanner

४.टुनिबोट घट्टेखोला मोटर लेवल पुल निर्माण- रु.५ करोड

**वडा नं.५**

१.वडा कार्यालयको थप तला निर्माण-रु.१करोड।

२.भोटेमुल थाङ्नेखोला घोप्टे ओडार हुदै घार्लाचौर नयाँ सडक निर्माण – रु.१ करोड।

३.सल्लेखोला देखि ढोरचौर सम्मको सडक स्तरउन्नति-रु.१करोड।

४.जुगेखोलि पक्की पुल निर्माण – रु.१ करोड।

५.वडा न ५ का मुख्य सडकमा सैर्यबत्ती निर्माण -रु.५०लाख।

**वडा नं.६**

१.त्रिवेणी कोल्ड स्टोर निर्माण-रु.३०लाख।

२.चरिङ्गेमुल देखि तार्के पिपलसम्म सडक स्तरउन्नती – रु.१करोड ।

**गाउँपालिका स्तरीय**

१.लुहाम पोखरी सिम्क ढोरचौर देखि आकासिसम्म मोटरबाटो निर्माण-रु-३करोड ।

२.रिखे वजार खेल मैदान कम्पाउण्ड निर्माण-रु-१करोड।

३.त्रिवेणी गौशाला निर्माण योजना त्रिवेणी-४ रु-५०लाख।

## खानेपानी सिचाइ तथा उर्जा विकास कार्यालय अन्तर्गतका आयोजनाहरु

**वडा नं.१**

१.लाखुरीबोट खानेपानी निर्माण आयोजना- रु.६०लाख।

२. करेलेचौर पिकनिक स्पोर्ट लिफ्ट खा०नेपानी निर्माण आयोजना -रु.१ करोड।

३.माझाज्यूला सिंचाई कूलो निर्माण आयोजना- रु.२० लाख ।

४.१.दाम्का ढ्याग्रीमुरे सिंचाई कूलो निर्माण आयोजना- रु.५० लाख।

५.ढ्याग्रीमुरे सुवाखोला सिमलज्यूला सिंचाई कूलो निर्माण आयोजना- रु.८० लाख ।

**वडा नं.२**

१.कोटघर लिफ्ट खानेपानी निर्माण आयोजना- रु ५०लाख।

२. वेतेनी कारागिठी लिफ्ट खानेपानी निर्माण आयोजना- रु.३करोड।

३.पाखे सिंचाई कूलो निमार्ण आयोजना- रु.२०लाख।

४.दारेखोला ठुलाखेत संचाई कूलो निमार्ण आयोजना- रु.२०लाख।

५.फलाटे सिचाई कूलो निमार्ण- रु.१५ लाख।

**वडा नं.३**

१.तालखेत गुडडांडा लिफ्ट खानेपानी आयोजना- रु.२ करोड।

प्रमाणित
२०८१।८।२४

२.सिमलगैरा सिचाइ कुलो निर्माण-रु.४१ लाख।

३.दार्यारह सिंचाई कूलो निर्माण आयोजना- रु.१ करोड २५ लाख।

४.बिरौटा सिंचाई कूलो निर्माण आयोजना- रु.२५लाख।

**वडा नं.४**

१.लुहाम खोला, बार्नेखोला हुदै फलावाङ लिफ्ट खानेपानी निर्माण आयोजना- रु.१ करोड।

**वडा नं.५**

१.लिसेखोला खानेपानी निर्माण आयोजना- रु.५० लाख।

२.दहखेत सिंचाई निर्माण-रु.५०लाख।

३.सिमलटारी सिचाई निर्माण-रु.५०लाख।

४. सिलटारी सिचाई नहर६.बाउजी खेत सिंचाई निर्माण -रु.५०लाख।

**वडा नं.६**

१.श्रीचौर हर्चनकांडा लिफ्ट खानेपानी निर्माण- रु.५०लाख।

२.लुहाम खानेपानी निर्माण तथा मर्मत-रु.५०लाख।

३.श्रीचौर ज्यूला सिंचाई आयोजना-रु.१०करोड।

४.मटखिन्ने सिंचाई कूलो निर्माण-रु.२५ लाख।

## पशु अस्पताल तथा पशु सेवा कार्यालय अन्तर्गतका आयोजनाहरु

**वडा नं ४**

१.गौशाला निर्माण तथा व्यवस्थापन- ५०,००,०००-(पचास लाख रुपैया मात्र।)

**वडा नं.६**

१.आधारभूत भेटनरी प्रगोशाला स्थापना- २०,००,०००-(विस लाख रुपैया मात्र।)

**गाँउपालिका स्तरीय**

१. बाखा प्रबर्धन कार्यक्रम- ३०,००,०००-(तीस लाख रुपैया मात्र।)

२.भैसी पकेट कार्यक्रम- ३०,००,०००-(तिस लाख रुपैया मात्र।)

३.प्राङ्गारिक मल प्रशोधन कार्यक्रम- ३०,००,०००-(तिस लाख रुपैया मात्र।

## उद्योग तथा बाणिज्य हित संरक्षण कार्यालय अन्तर्गतका आयोजनाहरु

प्रमाणित

२०८१।०८।२४

CamScanner

**वडा नं.५**

१.घरेलु आरन उद्योग -रु.२० लाख ।

२.चिउरी प्रशोधन मेसिन खरिद – रु.२० लाख।

## भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गतका आयोजनाहरु

**वडा नं.१**

१.शारदा नदी तटबन्धन निर्माण आयोजना- रु.२करोड।

२.रिखेखोला तटबन्धन निर्माण आयोजना- रु.५०लाख।

**वडा नं.२**

१.झिरघाट गुसाखोला देखि अमिलेज्यूला सम्म तटबन्धन निमार्ण आयोजना-१करोड ५०लाख।

**वडा नं.३**

१.त्रिवेणी ३ को रिखेखोलामा तटवन्धन आयोजना- रु.८०लाख।

**वडा नं.५**

१.टुनिवोट सल्लेखोला तटबन्धन निर्माण-रु.५०लाख।

**वडा नं.६**

१.लुहाम खोला (कोषपिपल देखि त्रिवेणीघाटसम्म) तटबन्धन निर्माण-रु.१ करोड।

**निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिकाको १८ औं गाउँसभा मिति २०८२/०९/०१ गतेको दिन सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा,** चालु आ.ब. को पहिलो चौमासिकमा भए गरेका काम कारवाहीका सम्बन्धमा जानकारी प्रदान गर्न तथा सल्लाह सुझाव प्राप्त गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन मिति २०८२/०८।२६ गते वडा नं. ४ को कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी छलफल गर्दा,** चालु आ व को १७ औं गाउँसभाबाट विनियोजन भएका कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या भएमा संशोधन गर्नका लागि वडा कार्यालय तथा शाखाले मिति २०८२/०८/२७ गते भित्रमा पेश गरिसक्ने तथा सो का लागि कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

प्रमाणित

२०८२/८/२८

CamScanner

**निर्णय नं. ५, प्रस्ताव नं. ५ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिका वडा नं. ३ को कार्यालय निर्माणका लागि जग्गा दानको सूचना बमोजिम दान भएका जग्गालाई त्रिवेणी गाउँपालिका वडा नं. ३ को कार्यालयको नाममा लिखत पारित गराउन सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी पहिलो संशोधन कार्यनीति, २०८२ को दफा ५ को उपदफा २ बमोजिमको समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६, प्रस्ताव नं. ६ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरु छिटो छरितो रुपमा कार्यान्वयन गर्न यथासिघ्र सम्झौता गर्ने निर्णय गरियो र सो का लागि वडा कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७, प्रस्ताव नं. ७ माथी छलफल गर्दा,** तपसिल बमोजिमका ऐन निर्माण गर्नको लागि कार्यपालिका सदस्य एवं विधेयक समिति संयोजक श्री दल बहादुर बस्नेतबाट पेश भएको विधेयकको मस्यौदा स्वीकृति गरि सभामा पेश गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

१.आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धी विधेयक २०८२ सम्वन्धमा ।
२.फोहोरमैला व्यवस्थापन सम्वन्धी विधेयक २०८२ सम्वन्धमा ।
३.कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०८२ सम्वन्धमा ।

प्रमाणित

CamScanner